फक्ताङलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तापेथोक, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम

फक्ताङलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तापेथोक, ताप्लेजुङ

फक्ताङलुङ गाउँपालिका

श्री उपाध्यक्ष ज्यू ,गाउँ सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू
फक्ताङलुङ गाउँपालिकाको गाउँ सभाको अठारौं अधिबेशनमा हार्दिक स्वागत गर्दछु |

यस फक्ताङलुङ गाउँपालिकाको ऐतिहासिक गाउँ सभामा अध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रम तथा बजेट नेपालको संबिधान २०७२ को धारा २३० र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम प्रस्तुत गरिरहँदा गौरवान्वित महसुस गरेको छु।

यस अवसरमा गाउँपालिकाबासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना तथा निर्माणका खातिर आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाशुमन व्यक्त गर्दछु।

हामी नेपालको संविधानले अवलम्बन गरेको ३ तहको संघीय शासन प्रणालीको अभ्यासमा छौं। संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सह-अस्तित्वको शासकीय ब्यवस्थालाई आत्मासाथ गर्दै समतामूलक र समावेशी विकास प्रकृयामा ३ वटै सरकारले मिलेर कार्य गर्नु आजको प्रमुख आवश्यकता हो।

स्थानीय तहको दोस्रो निर्वाचान पश्चात  सार्वभौम नागरिकको विकास प्रतिको उत्कृष्ट चाहनालाई सीमित स्रोत साधनको विविकपूर्ण र न्यायोचित वितरणको माध्यमबाट परिपूर्ती गर्ने अभिलासाका साथ सम्मानित गाउँसभामा आगामी आर्थिक वरष २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरन गईरहेको छु। हामी निर्वाचित प्रतिनिधीहरुले तीन आर्थिक बर्षको बजेट तथा कार्यक्रम संचालन गरि सकेका छौ। सोही सन्दर्भमा चालु आर्थिक बर्षको समिक्षा गर्दै यस गाउँ सभाले आगामी लक्ष्य, योजना, कार्यक्रम तथा नीतिगत विषयहरुलाई उठान गरी समृद्ध फक्ताङलुङ गाउँपालिकाको यात्रा तय गर्ने छ। यसका लागि गाउँ सभा सदस्य ज्यूहरु, राजनैतीक दल, विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरु, पत्रकार तथा आम संचार जगत, सुरक्षा निकाय, कर्मचारी, शिक्षक बुद्धिजिवी, नागरिक समाज तथा आम फक्ताङलुङबासीको सकरात्मक र रचनात्मकभूमिका तथा सहयोगको अपेक्षा गरेको छु।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ को परिधी भित्र रहि, बजेट तर्जुमा दिग्दर्शन, पेश भएको नीति, कार्यक्रमलाई मुख्य आधार बनाईएको छ। बजेट तर्जुमाको क्रममा स्थानीय राजस्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति लगायतका विभिन्न विषयगत समिति र संघसंस्था एवम् विद्वत वर्गबाट प्राप्त रचनात्मक सुझावहरुलाई ध्यान दिने प्रयास गरेको छु।

हामीलाई प्राप्त सीमित स्रोत साधनलाई जन अपेक्षा अनुरुप प्राथमिकता प्राप्त तथा तुलनात्मक लाभका क्षेत्रहरुमा नतिजामुखी योजना तथा कार्यक्रमहरु संचालन हुने गरी आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम तय गरिएको छ।

**उपाध्यक्ष ज्यू**

**गाउँ सभा सदस्यज्यूहरु**

- संविधानले निर्दिष्ट गरे अनुसार तीनै तहका सरकार वीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई आत्मासाथ गर्दै फक्ताङलुङ गाउँपालिका भौगोलिक हिसाबले देशकै तेस्रो ठुलो र ताप्लेजुङ जिल्लाको सबैभन्दा ठुलो, विकट भौगोलिक संरचना, छरिएर रहेका बस्तिहरु, कन्चन्जंघा तथा कुम्भकर्ण हिमालको काखमा अबस्थित, प्रचुर पर्यटन क्षेत्रको सम्भावना एवम प्राकृतिक स्रोत साधनले सम्पन्न भए पनि आर्थिक रुपमा गरिवी बेरोजगारी स्रोत साधनको समानूपातिक वितरण नभएको अत्यन्तै दुर्गम गाउँपालिकाको रुपमा रहेको हुनाले सिमीत स्रोत साधनको बावजुत सबै मानवबस्तिहरुमा आधारभूत आवश्यकताहरु (स्वास्थ्य, शिक्षा, संचार, कृषि, पर्यटन, पूर्वाधार निर्माण) लगायतका क्षेत्रमा आशातीत उपलब्धि हासिल गर्दै **"फक्ताङलुङको पहिचान: अलैची, जडीबुटी, जलविद्युत र पर्यटन"** भन्ने मुल नाराका साथ समृद्ध फक्ताङलुङ निर्माण अभियानलाई द्रुतगतिमा अघि बढाइनेछ।

**उपाध्यक्ष ज्यू**

**गाउँ सभा सदस्यज्यूहरु**

फक्ताङलुङ गाउँपालिकाले आफ्नो चौतर्फी विकासमा धैरै चुनौती एवं समस्याहरु पार गर्दै गाउँपालिकाको सर्वपक्षीय विकासमा यथासक्य रुपमा अगाडी बढिरहेको छ। तथापि भौगोगिक रुपमा अत्यन्तै ठुलो र दुर्गम भुगोल, भौगोलिक विविधता, हावापानी संस्कृती एवं सामाजिक विविधताका दृष्टीले यस गाउँपालिकाको विकास निर्माण कार्य सबै बस्ति र समाजमा सहज छैनन्। यिनै विषम परिस्थितिका माझमा यस गाउँपालिकाले निम्न चुनौतीहरुक सामना गर्दै विकास निर्माणमा अगाडी बढ्नु परेकोछ।

क. गाउँपालिकाको बिशाल भौगोलिक बनावट, भौगोलिक बिकटता र छरिएको बस्ती रहनु,

ख. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु,

ग. संचार सेवा प्रदायक संस्थाहरुबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु,

घ. कमजोर इन्टरनेट तथा मोबाइल नेटवर्कका बावजुद सूचना प्रवाह तथा छिटो, छरितो ऐवम् प्रभावकारी सेवा प्रवाह गर्नु,

ङ. युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आक्रषित गर्नु,

च. नागरिकमा प्रविधिको प्रयोगमा कम पहुँच हुनु,

छ. भौगोलिक विकटताका कारण निर्माण लागतमा वृद्दिका साथै यातायात र सामग्री ढुवानीमा समस्या हुनु,

ज. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ( ढुङ्गा, गिट्टी, बालुवा)को मापदण्ड अवलम्बन नगरी अत्याधिक दोहन रोक्नु,

फक्ताङलुङ गाउँपालिका

झ. अब्यवस्थित बस्ती विस्तारको क्रम रोक्नु तथा ब्वस्थित बस्ती विकासगर्नु,

ञ. गाउँपालिकाको न्यून आन्तरिक आम्दानी ,

ट. नागरिकको अपेक्षा अनुरुप कार्य गर्न पर्याप्त बजेटको अभाव ,

ठ. बजेटका लागि संघ र प्रदेश सरकारमा निर्भर हुनुपर्ने,

ड. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने न्यून समानीकरण अनुदान,

ढ. जलवायु परिवर्तनका कारण बाढी, पहिरो, खडेरी जस्ता प्राकृति प्रकोपको जोखिम बढ्दै जाँदा कृषि उत्पादनमा ह्रास, साथै भौतिक पूर्वाधारमा क्षति,

ण.

**उपाध्यक्ष ज्यू**

**गाउँ सभा सदस्यज्यूहरु**

आगामी आर्थिक बर्षका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिइएकोछ।

- नेपालको संविधनले परिलक्षित गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- संविधानको अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल तथा साझा अधिकारका सूचीहरु,
- नेपाल सरकारको चालु पञ्चवर्षीय योजनाले निर्धारण गरेका लक्ष्य रणनीति तथा प्राथमिताहरु
- नेपाल सरकार र प्रदेश सरकारको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम
- दिगो विकासका लक्ष्यहरु(Sustainable Development Goals) ले निर्धारण गरेका प्रमुख क्षेत्रहरु
- स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेका व्यवस्थाहरु
- फक्ताङलुङ गाउँपालिकाको प्रथम आवधिक विकास योजनाले तय गरेका आधारहरु
- स्थानीय तहको वर्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७८ ले गरेका व्यवस्थाहरु
- नेपाल सरकारका क्षेत्रगत नीतिहरु,
- नेपाल सरकार तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
- प्रदेश सरकारका विषय क्षेत्रगत नीतिहरु तथा योजनाहरु,
- फक्ताङलुङ गाउँपालिकाक विभिन्न राजनैतिक दलको चुनावी घोषणापत्र तथा विभिन्न विषयगत शाखा, गैसस, नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझाबहरु,
- वस्तीस्तरिय भेला/ वडा भेला, वडा समितिबाट प्राथमिकीकरण, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति तथा अन्य विषयगत समितिहरु हुदैं सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रकृया द्वारा प्राथमिकीकरण सहित प्राप्त भएका योजनाहरु,

फक्ताङलुङ गाउँपालिका

- वडा कार्यालयहरुबाट प्राप्त तथ्याङ्क एव सूचना आदि,
- संघ, प्रदेश तथा स्थानीय तह(समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ का मुख्यमुख्य प्रावधानहरु
- स्थानीय तहको संस्थागत स्व मूल्यांकन सम्बन्धि भएका व्यवस्थाहरु,

**गाउँसभा सदस्य ज्यूहरु,**

**अब म यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को ज्येष्ठ मसान्तसम्म हाँसिल गरेको मुख्य मुख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु।**

- कृषि उत्पादनमा वृद्दि गर्न, बालीनालीको गुणस्तर सुधार गर्न, माटोको स्वास्थ्य कायम राख्न र किसानहरुलाई आधुनिक कृषि प्रविधिमा पहुँच पुर्याउन र कृषिको ब्यवसायीकरण गर्न कृषि तथा पशु अनुसन्धान केन्द्रमा कृषि ल्याबको स्थापना गरिएको,
- गुणस्तरीय बिरुवा उत्पादन गर्न, मैषम अनुकुल बिरुवा उत्पादन गर्न, जैविक विविधता तथा वातावरण संरक्षण गर्न, नयाँ प्रविधिको विस्तार गर्न, कृषिको विविधिकरण र ब्यसायीकरण गर्न र गुणस्तरीय विरुवाको उपलब्धतालाई सुनिश्चित गर्न नर्सरी घर निर्माण गरिएको,
- जैविक विषादीको प्रयोगलाई बढावा दिँदै सुरक्षित, स्वास्थ्य र दिगो कृषि प्रणालीको विकास गर्न कृषि तथा पशु अनुसन्धान केन्द्र, छिरुवामा उत्पदित २००० वोतल जैविक विषादी ७५% छुटमा कृषकहरुलाई वितरण गरिएको,
- किसानहरुको ज्ञान,सीप, क्षमता र प्रवृत्तिमा सकारात्मक परिवर्तन ल्याई उत्पादन र उत्पादकत्वमा अभिवृद्दि गर्न, आधुनिक कृषि प्रयोगलाई बढावा दिन, ब्यवसायीकरणमा सहयोग गर्न, आत्मनिर्भरता र रोजगारी सृजना गर्न एक दिने घम्ती तालिम, च्याउ खेती सम्बन्धी तालिम, माटोको नमूना संकलन सम्बन्धी तालिम, घरपालुवा चौपाया पालन सम्बन्धी तालिम प्रदान गरिएको।
- मैरीपालन ब्यवसायको व्यसायीकरण र आधुनीकीकरण गरी किसानहरुको आयआर्जन बढाउन, कृषि उत्पादनमा वृद्दि गर्न, स्थानीय रोजगारी सृजना गर्न, गुणस्तरीय मह उत्पादन गर्न फक्ताङलुङ गाउँपालिका, वडा नं ६ लाई मैरी पकेट क्षेत्रको रुपमा विकास गरी कृषक समूहको ५०% लगत साझेदारीमा २००आधुनिक घार तथा अन्य सामग्री सामग्री वितरण गरिएको।
- अलैचीको गुणस्तर सुधार गर्न, प्रशोधन लागत घटाउन, उत्पादन क्षमता वृद्दि गर्न, वातावरणीय प्रभाव न्यूनीकरण गर्न, सुरक्षित कार्य वातावरण तयार गरी किसानको आयआर्जनमा अभिवृद्दि गर्न बिभिन्न स्थानहरुमा १५ ओटा आधुनिक अलैची भट्टीको निर्माण कार्य सम्पन्न गरिएको।
- विशिष्ट उत्पादनलाई प्राथमिकता दिदै त्यसको व्यवसायिक विकास गर्न संचालित "एक गाउँ एक उत्पादन कर्यक्रम" अन्तर्गत वडा नं १,५ र ६ मा तरकारी खेती, वडा नं २ र ४ मा अलैची खेती र वडा नं. ३ सुन्तला खेती विस्तार कार्यक्रम गरिएको।

फक्ताङलुङ गाउँपालिका

- भुस्याहा कुकुरको संख्या नियन्त्रण गर्न, रेविज र अन्य रोगको नियन्त्रण गर्न, कुकुर टोकाइका घटना न्यूनीकरण गर्न, पसुकल्याणमा सुधार गर्न,अमानवीय विधिहरुको अन्त्य गर्न तथा जनचेतना अभिवृद्दि गर्न सातै वटा वडाहरुमा ककुर बन्ध्याकरण कार्यक्रम तथा १ दिने रेविज रोग नियन्त्रण शिविर चार स्थानमा संचालन गरिएको ।
- कृषि विकास शाखा, पशुपन्छी विकास शाखा र पशु तथा कृषि सेवा शाखा, सिंवाबाट मिनिकिट तथा विषादी वितरण भइरेको साथै पशुपन्छीका लागि अत्यावश्यक औषधी वितरण तथा उपचार सेवा प्रदान गरिएको ।
- गाउँपालिकाका २ वटा एम्बुलेन्सबाट जिल्ला सदरमुकाम सम्म स्वास्थ्यकर्मीको रेफरका आधारमा निशुल्क **तथा जिल्ला बाहिर जादा ५० प्रतिशत भाडा लिएर ३०० जनालाई सेवा दिईएको,**
- गाउँपालिका स्तरीय तथा वडा स्तरीय योजनाहरुको काम अन्तिम चरणमा रहेको,
- गाउँपालिकाको प्रशासकीय भवनको पूर्वाधार निर्माणको कार्य द्रुर्त गतिमा भई रहेको,
- कृषि तथा पशु अनुसन्धान केन्द्रमा विभिन्न संस्थाको साझेदारीमा स्याउ, नास्पाति, दाते ओखर लगायतका उच्च कोटीका वनस्पतिका विरुवाहरु वितरण भएका छन् ।
- उच्च हिमाली क्षेत्रमा हुने High Altitude sickness को समस्यालाई समाधान गर्दै विभिन्न स्थानहरुमा आपत्कालिन अक्सिजन सिलिण्डर सहितको उपकरणको व्यवस्था गरि पर्यटकहरुलाई सहजता प्रदान गरिएको,
- फक्ताङलुङ गाउँपालिका स्थायी वासस्थान भई पाथिभरा बहुमुखी क्याम्पस पढ्ने १२८ जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको,
- गाउँपालिकाको वडा नं. ६ को सरस्वति च्यारीबुक माध्यामिक विद्यालयमा आवासीय छात्रावास सहितको भवन निर्माण सम्पन्न भएको साथै वडा नं. ३ को सिवाँ माध्यामिक विद्यालयमा आवासीय छात्रावास सहितको भवन निर्माणको अन्तिम चरणमा रहेको छ ।
- सिवापारि हाङवरुङ देखि ताप्लिङ पिथोङ साप्चुङवा ईखाबु सडक निर्माणको पहिलो चरणको ठेक्काको कार्यसम्पन्न भई दोस्रो चरणको कार्य संचालन भई रहेको छ ।
- गाउँपालिकाको वडा नं. ६ को मुरिङ्लाडाँडा तथा लौहाडाँडा मा 4G टावर जडान भई संचालनमा रहेका छन् ।
- गाउँपालिकाको केन्द्र तथा अन्य वडाहरु मा केन्द्रिय विद्युति जडान गरी विद्युत आपुर्तीलाई थप सहजता पुर्याईएको छ ।
- गाउँपालिकाको सबै प्रकारका आयोजना कार्यक्रमको गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भई भुक्तानी गर्ने गरिएको ।

फक्ताङलुङ गाउँपालिका

- गाउँपालिका र नेपाल टेलिकमसँगको सहकार्यमा सबै वडा तथा पालिकामा उच्च प्रविधियुक्त इन्टरनेट जोड्ने चरणमा रहेको छ।
- स्थानीय पाठ्यक्रम तथा पञ्चवर्षिय शिक्षा योजना तर्जुमा भई सकेको हुदाँ सोही बमोजिम आगामी आर्थिक बर्षबाट बजेट विनियोजन गर्दै लगिनेछ।
- खखँरे सिँचाई निर्माण क्रमागत् योजनाको लागि विनियोजित बजेट बमोजिमको कार्य सम्पन्न गरिएको छ।
- चावाखु तिङदु सडक निर्माणको कार्य सम्पन्न भएको छ।
- सावादिन, खेजेनिम, ईखाबु, लेलेप हुँदै जाने क्षेत्रिय सडकको कार्य सम्पन्न गरिएको छ।
- पार्वती मा.वि. को विद्यालय भवन ठेक्का खोलाएर २०% कार्य सम्पन्न भएको छ।
- उद्योग विकास शाखाबाट सञ्चालन हुने सम्पूर्ण कार्यक्रम वडा नं. २ खेजेनिममा सञ्चालन गरियो।
- नयाँ उद्यमीका लागि वडा स्तरीय अभिमुखीकरण, उद्यमशिलता विकास, लघु वित्त तथा बस्तु सेवा बजारीकरण तथा छोटो अवधिको प्लम्बिङ तालिम जस्ता कार्यक्रम गरिएका छन्।
- उद्यमीहरुको स्तर वृद्धिका लागि सेवारो लघु उद्यमी समूहलाई तान निर्माण तथा कोका काइयो जस्ता प्राविधिक सरसमानको अनुदान (८०%मा) वडा नं. २ मा दिइएको छ।
- उद्यमी स्तरउन्नतीका लागि उद्यमशिलता विकास, वडा नं. ३ लिङखिममा लघु वित्त परिचालन तथा वस्तु सेवाको बजारीकरण परामर्श तथा गत आ.व. मा तालिम लिई उद्यमी भएका सम्भावित उद्यमीहरुको आवश्यकता पहिचान कार्यक्रम गरियो।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १०८५ जना बेरोजगारहरुका तथ्याङ्क संकलन गर्नुको साथै १०० दिने ५३ जनालाई रोजगारीको अवसर उपलब्ध गराई योजना सम्बझौता, अनुगमन, निकासा तथा कामका जानुपूर्व अभिमुखिकरण समेत गरिएको छ।
- कोशी प्रदेश, यस फक्ताङलुङ गाउँपालिकाको महिला तथा बालबालिका शाखा र करुणा फाउण्डेशनको त्रिपक्षिय साझेदारीमा अपाङ्गता पहिचान गरी शिविर मार्फत परिचयपत्र वितरण गरिएको छ।
- स्वास्थ्यकर्मीलाई जन्मदोष अपाङ्गता पहिचान सम्बन्धी अभिमुखिकरण, जन्मजात शिशुको अपाङ्ता पहिचानका लागि चेक जाँच गर्नुको साथै जन्मेको २८ दिनदेखी ५ वर्ष मूनिका जन्मदोष अपाङ्गता शीघ्र पहिचान गरिएको छ।
- अपाङ्ता भएका व्यक्तिहरुका लागि मिलिजुली समूह तथा ओपिडी गठन गरी त्यसका लागि तालिम सञ्चालन भएका छन्।

- गाउँपालिकाको कार्यालय तथा मातहतका निकायहरुका प्रशासनिक कार्यमा सहजता तथा न्याय सम्पादनमा सरलताको लागि लेखापढी र कानूनी सचेतना कार्यक्रम आयोजना भएको तथा मेलमिलाप केन्द्रलाई सवल बनाई विवाद समाधान गर्न न्योचित कार्य गरिनेछ ।
- वडा नं.१ देखि ६ सम्म पञ्जीकरण सप्ताह बैशाख १ गते देखि ७ गते सम्म सञ्चालन भएको तथा वडा वडामा गई ६३ जनालाई राष्ट्रिय परिचय पत्र वितरण गरिएको छ ।
- वडा नं. २ र ५ मा व्यक्तिगत घटना दर्ताको कार्य अनलाइन सुचारु भइसकेको र बाँकी वडा प्रक्रियामा रहेको छ ।
- ७७५ जेष्ठ नागरीक, १० जेष्ठ नागरिक (दलित), १०४ जेष्ठ नागरिक एकल महिला, १३३ विधवा, ३८ पूर्ण अपाङ्गता, १२२ आंशिक अपाङ्गता र ११ दलित बालबालिकाहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
- आगामी बर्ष गरिने सामाजिक सुरक्षा भत्ता नवीकरण बायोमेट्रिक प्रणालीबाट गर्न अनिवार्य गरिनेछ।
- वृहत डेन्टल शिवर सञ्चालन गरी गाउँपालिकाभित्रका करिब ५०० दन्त तथा मुख रोगीहरुलाई सहज तथा सुलभ रुपमा नि:शुल्क औषधि उपचारको व्यवस्था गरिएको
- १ नयाँ सामुदायिक स्वास्थ्य ईकाई सुनसाबुमा बर्थिङ सेन्टर थप गरी गाउँपालिकाभित्र ७ वटा वर्थिङ सेन्टर सञ्चालन भएको छ ।
- भिडियो एक्स रे सम्बन्धी तालिम थप २ कर्मचारीलाई प्रदान गरिएको छ ।
- आधारभूत अस्पताल तापेथोक र स्वास्थ्य चौकी लिङखिम (सिंवा) मा भएको फार्मेसी तथा ल्यावलाई थप व्यवस्थित गरिएको छ ।
- आधारभूत अस्पताल तापेथोकमा एक्स रे मेशिन सिघ्र सञ्चालन गरिनेछ ।
- दीर्घ रोगीहरुलाई आर्थिक सहायता प्रदान गरिनु साथै घातक रोगीहरुलाई नेपाल सरकारको नियमानुसार सुविधा सम्पन्न अस्पतालमा थप उपचारको लागि प्रेषण गरिएको छ ।
- घातक रोगीहरुलाई गाउँपालिका देखि मासिक रु ५०००/- को दरले उपचार खर्च प्रदान गरिरहेको छ ।
- अपाङ्ता भएका व्यक्तिहरुलाई स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत सामेल गर्न प्रक्रियामा रहेको छ ।
- गाउँपालिकाका २ एम्बुलेन्स जिल्ला बाहिर रहेको अवस्थामा जटिल प्रकृतिका बिरामीहरुलाई आकास्मिक रुपमा प्रेषण गर्नु परेको अवस्थामा स्वास्थ्यकर्मी तथा मेडिकल अफिसरको सिफारिसमा नीजि सवारी साधनमा भाडाको सहुलियत प्रदान गरिएको छ ।

म अब आगामी आर्थिक बर्षको बिषयगत वार्षिक नीति तथा कार्यक्रमलाई संक्षिप्त प्रस्तुत गर्दछु ।

## क. आर्थिक विकास

**''फक्ताङलुङको विकासको आधारः कृषि, जलविद्युत र पर्यटनमा आमुल सुधार''**

**१.कृषि तथा पशुपंक्षी**

- गाउँपालिकाको जमीनको पहिचान गरी कम्तीमा एक वडामा एक पकेट क्षेत्र तयार गरी **"एक पकेट- एक उत्पादन"** कार्यक्रम लागु गरिने छ । एक पकेट- एक उत्पादन कार्यक्रमको प्रवर्द्धन, विकास, विशिष्टीकरण र व्यावसायीकरणका लागि गाउँपालिकाबाट आवश्यक बजेटको ब्यवस्थापन गरिने छ, जसमा वडाको कुल बजेटको १०% रकम साझेदारीका रुपमा सुनिश्चित गर्ने नीति अवलम्बन गरिने छ ।
- फक्ताङलुङ गाउँपालकालाई विषादी रहित अर्गानिक पालिकको रुपमा स्थापित गर्न अर्गानिक सर्टिफिकेसनका लागि सम्बन्धित निकायमा यसै आ.व. देखि प्रकृया आगाडि बढाईने छ ।
- रासायनिक मल र रासायनिक विषादीको प्रयोगबाट हुने नोक्सानी कम गर्न प्राङ्गारिक मल उत्पादन र वानस्पतिक विषादीमा जोड दिइने छ । हाल कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्रमा संचालित जैविक मल कारखानामा उत्पादित जैविक मललाई Mass Production मा लगि किसानहरुलाई सुलभ रुपमा वितरण गर्ने ब्यवस्था गरिने छ । प्रत्येक वडामा जैविक मल र जैविक विषादी उत्पादन केन्द्र स्थापना गर्दै लगिने छ ।
- कृषि पेशालाई व्यवसायिक गर्न, कृषि पेशालाई आकर्षक र सम्मानित बनाउन, कृषकको मनोबल उच्च राख्नको लागि उत्कृष्ट कृषि उपज उत्पादन गर्ने कृषि समूह तथा कृषकहरुलाई **उत्कृष्ट कृषक सम्मान** कार्यक्रम संचालन गरिने छ ।
- तरकारीमा आत्मनिर्भर हुन तथा अर्गानिक तरकारी उत्पादनको लागि **"एक घर एक करेसाबारी"** कार्यक्रम संचालन गरिने छ । आवश्यक बीउविजन, जैविक मल तथा जैविक विषादी गाउँपालिकाबाट न्यूनतम मूल्यमा किसानहरुलाई उपलब्ध गर्ने ब्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्र उत्पादित बिभिन्न कृषिजन्य उपजहरु, हस्तकलाका सामग्रीहरु, बिभिन्न रैथाने कृषि बालीहरुको संकलन तथा विक्री वितरणलाई व्यवस्थित गर्दै लैजानको लागि उपयुक्त स्थान छनौट गरी **"पालिका कोसेली घर"** संचालनमा ल्याइने छ । साथै गाउँपालिका भित्र उत्पादित उपजहरुको प्याकेजिङ, ब्राण्डिङ र बजारीकरण समेत गरिने छ ।
- गाउँपालिकाको प्रमुख नगदेबाली अलैँची उत्पादनमा बृद्धि गर्न आवश्यक अनुसन्धान गर्दै किटनाशक औषधी, सिँचाई, सुधारिएको भट्टी आदिको व्यवस्थापन गर्दै अन्य उत्पादनहरुलाई आधुनिकीकरण, प्रशोधन, ब्रान्डिङ तथा बजारीकरणको व्यवस्थापन गर्दै कृषिमा आत्मनिर्भर बन्ने लक्ष्य सहित सोही अनुसारको कार्यक्रम संचालन गरिने छ ।

- गाउँपालिका भरीका उत्पादित कृषिजन्य बस्तुहरु सहज रुपमा ढुवानी र बजारीकरणको लागि एक थान कृषि एम्बुलेन्स खरिद गरी संचालनमा ल्याईने छ । कृषकहरुले उत्पादन गरेका कृषिजन्य उपजहरुको न्यूनतम दररेटमा ढुवानी गर्ने प्रयोजनका लागि सहुलियत दररेटमा कृषि एम्बुलेन्स उपलब्ध गराइने छ।
- गाउँपालिकाका उत्पादित बस्तुहरुको सहज विक्री वितरण तथा बजारीकरण सहज बनाउनका लागि ३ स्थानमा संङ्कलन केन्द्र(Collection Center) स्थापना तथा संचालन गरिनेछ।
- गाउँपालिकाको वडा नं. ५ को छिरुवामा स्थापाना गरिएको कृषि तथा पशु अनुसन्धान केन्द्रको आवश्यक पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिदै नमूना कृषि उत्पादन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गर्दै महिला उद्यमशीलता कार्यक्रम संचालन गर्दै विभिन्न कृषिजन्य वस्तुहरुको प्रशोधन गरी फक्ताङलुङ गाउँपालिकाबासी आम नागरिकहरुलाई स्वास्थकर, गुणस्तरीय उपभोग्य सामाग्रीको सहज उपलब्धता गराउदै गाउँपालिकाको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।
- कृषि तथा पशु अनुसन्धान केन्द्रमा स्थापित आधुनिक नर्सरीबाट विभिन्न प्रकारका उच्च मुल्य र कोटीका बनस्पतिहरुको विरुवा उत्पादन गरी सर्वसुलभ रुपमा लागत साझेदारीमा वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।
- निर्वाहमूखी परम्परागत कृषि प्रणालीलाई प्रविधीमैत्रीका साथै आधुनिकीकरण तथा यन्त्रीकरणको लागि आवश्यक उपकरण तथा प्रविधिहरु विस्तार गरिदै लगिनेछ।
- गाउँपालिकाका पशुपालन किषानहरुलाई प्रोत्साहित गर्न पशु स्वास्थ्य चिकित्सको व्यवस्था मिलाईने छ।
- गाउँपालिकाको उच्च हिमाली क्षेत्रमा रहेका चौरी खर्कहरुलाई व्यवस्थित गर्दै त्यसको उत्पादन, प्रशोधन तथा विक्री वितरणको लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- पशु नश्ल सुधारका लागि उन्नत जातका पशुपंक्षीहरुको बिउ खरिद तथा वितरण कार्यमा जोड दिइनेछ।
- कृषि सेवालाई थप प्रभावकारी बनाउन नयाँ जात, नँया प्रविधिहरुको परीक्षण र प्रदर्शन, कृषि मेला प्रदर्शन, कृषक पाठशाला, कृषक दिवस, बाली उपचार शिविर, कृषिक अभिमुखीकरण, कृषि तालिम लगायतका कार्यक्रम संचालनमा जोड दिईने छ।
- फक्ताङलुङ गाउँपालिकाको भौगोलिक अवस्था, सिंचाई क्षेत्र आदिको संभाब्यता अध्ययन गरि फक्ताङलुङ गाउँपालिकाको कृषि विकास रणनीति तयार गरिने छ।
- पशुपंक्षीलाई देखा पर्ने विभिन्न प्रकारका रोगहरुको निदानका लागि औषधीहरु तथा प्राविधिक सेवा तथा परामर्श गाउँपालिका तथा पशु सेवा केन्द्र सिवाँबाट निरन्तर उपलब्ध गराईनेछ।

साथै पशुपंक्षीमा देखिने विभिन्न प्रकारका महामारीको नियन्त्रण गर्नका लागि समय समयमा पशु स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

- मा‍टो परीक्षण गरी स्थानीय भूगोल र हावापानी सुहाउदो व्यवसायीक कृषि पेशा अवलम्बन गर्न इच्छुक सम्पूर्ण कृषकहरुलाई कृषि अनुसन्धान केन्द्र मार्फत न्यूनतम शुल्कमा माटो परीक्षणको व्यवस्था मिलाईनेछ ।
- तापेथोक,छिरुवा र सिँवामा समय व्यवस्थापन गरि साप्ताहिक रुपमा हाट बजार संचालन गरी स्थानीय उत्पादनलाई प्रवर्द्धन गरिनेछ र आगामी आर्थिक वर्षहरुमा आवश्यक पूर्वाधार निर्माणको कार्य थालनी गरिनेछ ।

## ख. कला, संस्कृति र पर्यटन प्रबर्द्धन

- नेपाल पर्यटन बोर्ड लगायत अन्य निकायहरुसंगको सहकार्यमा कन्चनजंघा आधार शिविर जाने पदमार्गमा पूर्वाधार सुधार, सेवा सुविधा विस्तार, रोजगारी सृजना तथा उद्यमशिलता प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटनलाई गरिबी निवारणसंग आवद्द गरी प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटनको प्रवर्द्धन एवम प्रचार प्रसार गर्न ऐतिहासिक गाउँ ओलाङचुङमा पर्यटन महोत्सवको आयोजना गरिनेछ ।
- गाउँपालिकामा पर्यटन सूचना केन्द्र (Tourist Information Center) को स्थापना गरी पालिका भरीका पर्यटकीय स्थलहरुको विस्तृत जानकारी गराइने छ ।
- गाउँपालिकालाई आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनमा गन्तव्य स्थलको रुपमा विकास गर्न संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक पर्यटकीय पूर्वाधारहरु विकास गर्न विशेष पहल गरिने छ ।
- गाउँपालिकाको केन्द्र तापेथोकमा पर्यटक आगमन पुस्तिका राखि पर्यटकहरुको अभिलेख व्यवस्थित गरिनेछ साथै पर्यटकीय गन्तव्यहरुको लिफलेट, ब्रोजर तथा डकुमेन्ट्रि बनाई बनाई प्रचार प्रसार गर्दै लगिने छ ।
- पर्यटकहरुको भ्रमण यात्रालाई सुरक्षित र आरामदायी बनाउन स्थानीय युवाहरुलाई ट्रेकिङ गाइड सम्बन्धि भाषा र तालिम उपलब्ध गराई स्थानीय युवाहरुलाई व्यवसायीक लोकल गाइडको रुपमा उत्पादन गरी स्वरोजगार बनाउदै आत्मानिर्भर तर्फ उन्मुख गराईने छ । पर्यटकीय क्षेत्रहरुमा संचालन भएका होटल तथा लजहरुलाई थप व्यवस्थित गर्न कुक तथा हस्पिटालिटी सम्बन्धि तालिमको व्यवस्था गरिने छ ।
- पालिकाका विभिन्न पर्यटकीय क्षेत्रमा होमस्टे संचालन, ग्रामिण पदयात्रा, कृषि पर्यटन गरी पर्यटकहरुलाई सहजता प्रदान गरिनेछ ।

- उच्च हिमाली क्षेत्रमा हुने High Altitude Sickness को समस्यालाई मध्यनजर गर्दै कञ्चनजङ्घा आधार शिविर, पाङपेमा वेशक्याम्प, लोनाक, खाम्वाचेन, याङ्मा, ओलाङ्चुङगोला मौवाटार, सिङ्जेमा ताल र टिप्ताला भञ्याङमा आपत्कालिन अक्सिजन सिलिण्डर सहितको मेडिकल पोइन्ट राखि थप व्यवस्थित गर्दै लगिनेछ ।
- आम्जिलेसाफेदी-ठाङ्गेम-ग्याव्ला-घुन्सा-खम्वाछेन हुदैँ कञ्चनजङ्घा आधार शिविर(नर्थ बेसक्याम्प) सम्मको पदमार्ग, हेल्लोक-यासाङ-तोरोङदेन-चयराम हुँदै कञ्चनजङ्घा आधार शिविर (साउथ बेसक्याम्प) सम्मको पदमार्ग, ग्रेट हिमालयन ट्रेल अन्तर्गत घुन्सा-नाङगोला-ओलाङ्चुङगोला- लुम्बासम्बा पदमार्ग, ग्याव्ला हासपोखरी हुदैँ ओलाङ्चुङगोला पदमार्ग, सेकाथुम- लोवाडाँडाँ- लोवापोखरी- हाँसपोखरी- ग्याव्ला- घुन्सा पदमार्ग, सेकाथुम-लोवाडाँडाँ-लोवापोखरी- हाँसपोखरी- जोङ्गिन- ओलाङचुङ्गोला- सिंङ्जेमा ताल सम्म पदमार्ग, खेजेनिम- वाग्मापोखरी- मानाभरा- सिरेगु- माङछागा- मुरिङलाडाँडा पदमार्ग, तापेथोक-वेताङ्गु-पाथिभरा मन्दिर पदमार्ग, सिंवा-लिङ्खिम हुदैँ पाथिभरा मन्दिर सम्मको पदमार्ग, सावदिन- बागथाला- वाग्मापोखरी- फुङफुङ झरना सम्मको पदमार्ग लाई थप स्तरोन्नती गरी पर्यटकहरुको आवत जावतमा सहजता प्रदान गरिने छ । साथै उक्त क्षेत्रहरुमा अन्य पर्यटन पूर्वाधार विकास गर्न आवश्यक कदम चालिनेछ ।
- पालिकाभित्र पर्यकटको संख्या वृद्धि गर्न पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन र प्रचार प्रसारका लागि पर्यटन गुरु योजना निर्माण भइसकेको र सोही अनुरुप विभिन्न कार्यक्रमहरु संचालन गर्न उचित कार्यक्रम संचालन गरिनेछ ।
- प्रसिद्ध धार्मिक स्थलहरु पाथीभरा/मुक्कुमलुङ, मानाभरा, फक्ताङलुङ, तागेरा निङवा फु, दिकी छ्योलिङ गुम्बा, टासी छ्योलिङ गुम्बा, चर्च, माङ्हिम, यूमा साम्यो, मुन्धुम हिम आदिको संरक्षण तथा व्यवस्थापनमा जोड दिदैँ धार्मिक महत्वका अन्य स्थलहरुको पहिचान, संरक्षण, सौन्दर्यकरण र प्रवर्द्धन गरिनेछ ।
- परम्परागत धर्म, संस्कार, संस्कृति र रितीरिवाजको जगेर्ना गर्दै परम्पराकाल देखि पालिकाका ऐतिहासिक स्थानहरुमा वार्षिक रुपमा आयोजना गरिने सास्कृतिक पूजा लगायतका कार्यक्रमहरुलाई विषेश महत्व दिदै निरन्तरताको लागि आर्थिक सहयोगको व्यवस्था गरिनेछ।

### ग. उद्यमशिलता विकास, रोजगारी विस्तार, सहकारी प्रवर्द्धन

- गाउँपालिका भित्र रहेका बिभिन्न सहकारी संस्थाहरुको अभिलेखिकरण गर्दै एउटै उदेश्यले स्थापना भएका सहकारीहरुलाई एकीकरण गर्ने नीति लिईनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारीहरु संस्थाहरु मार्फत छरिएर रहेको पूँजी,प्रविधी र सीपको उपयोग गर्दै रोजगार सृजना गरिनेछ ।

- सहकारी संस्थाहरुको क्षमता अभिबृद्धिका लागि संचालक तथा ब्यवस्थापकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिने छ।
- नागरिकहरुलाई आम्दानी, खर्च, बचत, लगानी जस्ता वित्तीय अवधारणा बुझाउन, वित्तीय जालसाझी र ठगीबाट बचाउन, आर्थिक रुपमा आत्मनिर्भर, सुरक्षित र सफल बनाउन ग्लोबल आ.ई.एम.ई, फक्ताङलुङ शाखासँगको सहकार्यमा प्रत्येक वडामा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिने छ।
- आर्थिक विकासमा टेवा पुर्याउने व्यवसाय, साना तथा घरेलु उद्यमी तथा कलकारखानाको स्थापना र संचालनलाई प्रोत्साहन गरिनेछ।
- गाउँपालिका क्षेत्रमा दर्ता बिना संचालनमा रहेका व्यवसायिक फर्महरुको दर्ता र नवीकरण कार्यलाई गति दिईने छ।
- रोजगार सेवा केन्द्र मार्फत बिभिन्न क्षेत्रका रोजगारदाताहरु संग परामर्श गरि स्थानीय तह भित्र सृजना हुने रोजगारमा बेरोजगार ब्यक्तिलाई अवसर प्रदान गरिनेछ।
- रोजगार सेवा केन्द्रमा गाउँपालिका भित्रका बिपन्न परिवारका बेरोजगार ब्यक्तिहरु सूचीकरण गरि न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूती गर्ने कार्यको लागि गाउँपालिका भित्रका योजनाहरुमा रोजगारी सृजनालई प्राथमिकता दिईने छ।
- बेरोजगारीहरुको समस्यालाई केही हदसम्म समाधान गर्न स्थानीय तहबाट संचालन हुने आयोजनाहरुमा Heavy Equipment प्रयोग नहुने ठाउँमा सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई काममा लगाईने छ।
- स्थानीयस्तरमा रहेका साना तथा घरेलु उद्योगहरुको संरक्षण गर्दै लघु उद्यम विकास कार्यक्रम मार्फत थप उद्यमी सृजना गर्दै लगिनेछ।
- सबै वडाहरुमा युवा लक्षित रोजगार कार्यक्रम संचालन गरी युवाहरुलाई उत्पादनमूलक क्षेत्रमा आवद्ध गराई स्वरोजगार बनाइने छ। साथै सीपमूलक तालिमको व्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाभित्र उपयुक्त स्थानमा ढाका र खाडी कपडा, अल्लो कपडा, अलैचीको डाँठमा आधारित हस्तकला तथा हाते कागज उद्योग, कृषि जन्य उत्पादित बस्तुहरुको प्रशोधन गर्न गाउँपालिका र विभिन्न गैर सरकारी संघ संस्थाहरुको साझेदारीमा घरेलु तथा साना उद्योग स्थापना गरी स्थानीय महिलाहरुलाई उद्यमी बनाईनेछ त्यसको लागि विभिन्न समयमा आवश्यकता अनुसार सीपमूलक तालिमहरु संचालन गरिने छ।

## २. सामाजिक विकास

### क. शिक्षा क्षेत्र ‘‘नि:शुल्क र गुणस्तरीय विद्यालय शिक्षा’’

- सिंवा माध्यामिक विद्यालयमा प्राविधिक धार तर्फको इलेक्ट्रिकल इन्जिनियरिङ (९-१२) कक्षाहरु संचालनमा रहेकोमा स्थायी ठेगाना फक्ताङलुङ भएको विद्यार्थीहरुका लागि निशुल्क र अन्यत्र बाट आउने विद्यार्थीहरका लागि ५०% छुटमा अध्यापन गराईने छ । साथै आगामी शैक्षिक सत्रबाट आवश्यकतानुसार बाली बिज्ञान र पशु विज्ञानका कक्षाहरु संचालनको पहल गरिने छ।
- समग्र विद्यालयको शिक्षाको गुणस्तर सुधारका लागि गाउँपालिका र प्रधानाध्यपकसंग कार्यसम्झौता बमोजिम प्रधानाध्यापक र विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ। साथै प्रधानाध्यापक र शिक्षकसँग समेत कार्यसम्पादन गर्ने ब्यवस्था मिलाईने छ।
- **"स्थानीय सरकारसँग विद्यार्थी र अभिभावक"** कार्यक्रमलाई विकास गरी विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ र अभिभावकहरुलाई बिभिन्न दातृ निकायहरुको साझेदारी तथा सहकार्यमा क्षमता अभिवृद्धि तालिम तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ साथै सम्बद्द सरोकारवालाहरुसंग आवश्यक संवाद, छलफल, सहकार्य तथा अन्तरक्रिया कार्यक्रम संचालन गरि विद्यालयप्रति अपनत्व वोध गराउन आवश्यक नीति लिईने छ।
- आर्थिक अभाव र पारिवारिक हेरचाहबाट बञ्चित अभिभावकबिहीन बालबालिकाहरुको मौलिक हकहरुको संरक्षण गर्दै आधारभूत मानवीय आवश्यकताहरु(गाँस, वास, र कपास) को सुनिश्चितता साथ आवास सहितको निशुल्क शिक्षाको व्यवस्था गरिने छ।
- स्थानीय आवश्यकता, ऐतिहासिक, पुरातात्विक, स्रोत साधनको विषयबस्तुलाई समेटी स्थानीय पाठ्यक्रम तर्जुमा भइसकेको र यस आ.व.मा पाठ्यक्रम निर्माणको कार्य सम्पन्न गरि आउदो शैक्षिक शत्र २०८३(बैशाख) बाट पूर्ण रुपमा लागु गरिने छ। साथै स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक छपाइको आवश्यक व्यवस्था गरिने छ।
- आ.व. २०८२/८३ मा दुई विद्यालयलाई नमूना विद्यालयको रुपमा स्थापना गर्न आवश्यक कार्यक्रम ल्याइने छ ।
- विद्यालयमा शिक्षकको नियमित उपस्तथिति र पूरा समय कक्षामा पठन-पाठन भएको सुनिश्चित गर्न विद्यालयहरुमा सी.सी. क्यामेरा जडान गर्दै लगिने छ।
- विद्यालयहरुमा पूर्वाधार विकासलाई निरन्तरता दिईने छ।
- कक्षा ८ को बार्षिक परीक्षालाई केन्द्रिकृत गरी विश्वसनिय, वैद्य एवम गुणस्तरीय बनाउनका लागि सरस्वती माध्यामिक विद्यालय, तापेथोक र सिंवा माध्यामिक विद्यालय, सिंवामा परीक्षा केन्द्र तोकी संचालन हुदै आएको केन्द्रीकृत परीक्षा प्रणालीलाई निरन्तरता दिइने छ।
- विद्यार्थीलाई विद्यालय जान प्रोत्साहन गर्न राज्यले दिदै आएको दिवा खाजालाई थप व्यवस्थित गर्न पालिकाको तर्फबाट प्रति विद्यार्थि थप रु ५ का दरले दिइदै आएको कार्यक्रमलाई निरन्तरता दिईने छ

। विद्यार्थीहरुलाई दिवा खाजा खुवाउदा जंङ्क फुडलाई पूर्ण प्रतिवन्ध गरी स्थानीय उत्पादित खाद्य बस्तुहरुको परिकार खुवाउनु पर्ने व्यवस्था निरन्तरता दिईने छ ।

- डिजिटल सिकाइ सामग्री उपलब्ध गराई विद्यार्थीले सिक्ने क्षमता अभिवृद्दि गर्न विद्यालयमा ईन्टरनेट र अन्य सामग्रीको व्यवस्था गर्दै लगिने छ । आधुनिक प्रविधिको माधयमबाट अध्ययन अध्यापनका लागि जनशक्ति क्षमता विकास कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।
- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी बनाउनका लागि संघीय र प्रादेशिक कानून बमोजिम शिक्षक पदपूर्ती तथा व्यवस्थापन गरिदै लगिनेछ ।
- आर्थिक बर्ष २०८०/८१ देखि संचालन गरिएको पालिका भरिका विद्यालयहरुमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्ने कार्यक्रमलाई निरन्तरता दिदै थप व्यवस्थित र प्रभावकारी बनाउदै शैक्षिक गुणस्तरमा वृद्धि गर्दै लगिने छ ।
- आधारभूत शिक्षा अनिवार्य र निःशुल्क राज्यको नीति अनुरुप गाउँपालिकाले गत आ.व.देखि लागु गरिएको माध्यामिक तह सम्म निशुल्क शिक्षा प्रभावकारी भएको हुदाँ आगामी आ.व.मा माध्यामिक तह उतिर्ण गरी उच्च शिक्षा हासिल गर्न ताप्लेजुङ जिल्ला सदरमुकामको पाथीभरा बहुमुखी क्याम्पसमा अध्ययन गर्ने हालको स्थायी ठेगाना फक्ताङलुङ गाउँपालिका नै भएको र नियमित क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुलाई निशुल्क उच्च शिक्षाको लागि छात्रावृत्ति उपलब्ध गराई फक्ताङलुङको साक्षरता दर वृद्धिमा टेवा पुग्ने अपेक्षा सहित उक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्थानीय पाठ्यक्रम तथा पञ्चवर्षिय शिक्षा योजना तर्जुमा भई सकेको हुदाँ सोही बमोजिम आगामी आर्थिकबर्ष बाट बजेट विनियोजन गर्दै लगिनेछ ।
- विद्यालयहरुले कक्षा ८,९ र १० को विद्यार्थीहरुको शैक्षिकस्तर सुधार गर्न Portfolio अनिवार्य रुपमा निर्माण गरी राख्नु पर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।
- कक्षा ८, SEE, कक्षा १२ मा उत्कृष्ठ छात्रछात्रा, कार्यसम्पादनमा उत्कृष्ठ ठहरीएका विद्यालय, शिक्षक तथा प्रधानाध्यापकहरुलाई प्रोत्साहन स्वरुप नगद सहित सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- वडा नं. ३ स्थित सिंवा माध्यामिक विद्यालय र वडा नं. ६ स्थित सरस्वती च्यारिवकु माध्यामिक विद्यालय लेलेपमा छात्रवास कार्यक्रमलाई लागु गरी निशुल्क आवासीय छात्रावास संचालनमा ल्याईनेछ ।
- स्थानीय भाषाको संरक्षणका लागि विगतका आर्थिक बर्षहरुमा संचालन भईरहेको भाषा शिक्षालाई प्रभावकारी र परिणाममूखि बनाउन भाषा शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमको व्यवस्था मिलाईने छ ।

- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिकालागि, विद्यालय व्यवस्थापन समिति, शिक्षकहरुलाई विभिन्न शैक्षिक संस्थाहरुसँगको समन्वय, साझेदारीमा तालिम तथा गोष्ठीहरु आयोजना गर्ने व्यवस्था मिलाईने छ ।
- स्थानीय आवश्यकता, ऐतिहासिक, पुरातात्विक, स्रोत साधनको विषयबस्तुलाई समेटी स्थानीय पाठ्यक्रम तर्जुमा गरी सकिएकोले स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याईनेछ ।
- शैक्षिक तथ्याङ्कलाई एकीकृत रुपमा व्यवस्थित बनाई वार्षिक रुपमा गाउँपालिकास्तरीय तथ्याङ्क प्रकाशन गर्ने व्यवस्ता मिलाईने छ ।
- प्रत्येक विद्यालयहरुमा व्यवस्थित शौचालय, स्वच्छ खानेपानी, (महिला, बालबालिका र अपाङ्गमैत्री) र सरसफाईको आवश्यक प्रवन्ध मिलाइने छ ।
- विद्यालयको सौन्दर्यताको लागि पालिका भरीका सबै विद्यालयहरुमा विद्यालय बगैचा (School Garden) बनाई वातावरणमैत्री विद्यालय बनाईने छ ।
- सबै विद्यालयहरुमा प्रत्येक हप्ताको शुक्रबार स्वास्थ्य सम्बन्धि कक्षा संचालन साथै स्वास्थ्य परीक्षण स्वास्थ्य चौकी तथा सामुदायीक स्वास्थ्य इकाईहरुबाट गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।
- मा.वि.विद्यालयका कक्षा ९-१२ का विद्यार्थीहरुलाई जीवन उपयोगी तथा व्यवहारिक शिक्षा दिलाउन गाउँपालिकाले संचालन गरेको कृषि तथा पशु अनुसन्धान केन्द्रमा समय समयमा कृषि तथा पशु सम्बन्धि तालिम प्रदान गरिने छ ।

**ख. स्वास्थ्य क्षेत्र "आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता"**

- स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न, पहुँच विस्तार गर्न र सर्वसाधारणलाई सहज स्वास्थ्व सेवा प्रदान गर्न एक थान X-Ray Machine खरिद कार्यको अन्तिम चरणमा रहेको र आगामी आ.व. २०८२/८३ बाट तापेथोक आधारभुत आस्पतालबाट सुलभ रुपमा सेवा सुचारू गरिने छ । यसका लागि आवश्यक बजेट तथा जनशक्तिको व्यवस्थापन गरिने छ ।
- गाउँपालिकाको ५ शैयाको अस्पताललाई सामुदायिक अस्पतालको मोडलमा विकास गरी भवन निर्माणका लागि यसै आ.व. २०८२/८३ को सुरुवातमा बोलपत्र आह्वान गरिने छ र आर्थिक सहयोगको लागि अभियान संचालन गरिनेछ ।
- आ.व. २०८०।८१ बाट तापेथोक प्राथमिक अस्पताल तथा आ.व. २०८०/८१ बाट सिंवा स्वास्थ्य चौकी मार्फत मेडिकल अफिसरबाट दिईदै आएको विशेषज्ञ स्वास्थ्य सेवालाई निरन्तरता दिइने छ साथै टेलिमेडिसिन सेवा उपलब्ध गराईनेछ । साथै आगामी दिनहरुमा अन्य अस्पतालका विशेषज्ञ डाक्टरहरुसँगको समन्वयमा जटिल प्रकृतिका रोगहरुको निवारण गर्नका लागि थप टेलिमेडिसिन सेवा विस्तार गराईनेछ ।

- गाउँपालिकाले आर्थिक बर्ष २०७९।८० मा खरिद गरी संचालनमा रहेका २ थान एम्बुलेन्स लाई २४ सै घण्टा सुचारु गरी एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाको प्राथमिक स्वास्थ्य चौकीमा आवश्यक औषधी उपकरणहरु व्यवस्थापन साथै मेडिकल अधिकृतलाई निरन्तरता दिदै सेवालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिने छ।
- "**जेष्ठ नागरिकसँग स्वास्थ्यकर्मी**" भन्ने नाराका साथ गाउँपालिकाको वडा नं. १ देखि ७ वटै वडाहरुमा जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरी आवश्यकता अनुसारको निशुल्क औषधी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ।
- गाउँपालिकाले वडा नं.३ को सिँवा स्वास्थ्य चौकी तथा वडा नं. ५ को तापेथोक प्राथमिक अस्पतालमा मा संचालन गरेको अत्यावश्यक औषधी वितरण केन्द्र तथा ल्यावलाई थप व्यवस्थित गर्दै लगिनेछ।
- आगामी आर्थिक बर्ष गाउँपालिकाका विभिन्न स्वास्थ्य चौकीहरुमा दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गरि सकिनेछ।
- विगतका वर्षहरुमा तिलगंगा आँखा अस्पतालको सहकार्यमा वृहत आँखा शिविर, एक एक पाईलाको सहकार्यमा वृहत स्वास्थ्य शिविर र सगरमाथा हेल्थ फाउन्डेसनको सहकार्यमामा वृहत दन्त शिवर संचालनबाट पालिकावासीको स्वास्थ्य सेवामा भएको पहुँच विस्तार र विशेषज्ञता सेवाको उपलब्धतालाई मध्यनगर गर्दै  आवश्यकता अनुसार संघ, प्रदेश तथा अन्य सहयोगी संस्थाहरुसँगको समन्वयमा विभिन्न प्रकारका स्वास्थ्य शिविर, दन्त शिविर तथा घुम्ती शिविरहरुको संचालनलाई निरन्तरता दिईने छ ।
- उपलब्ध स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि विभिन्न प्रकारका क्षमता विकास तालिम, अनुशिक्षण तथा कार्यशाला गोष्ठीहरु संचालन गरिनेछ।
- Zero Home Delivery गापा बनाउन सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईने छ साथै स्वास्थ्यकर्मीहरुलाई आवश्यकताका आधारमा SBA तालिम र ग्रामिण Video x-ray सेवालाई थप व्यवस्थित गर्नका लागि आवश्यक क्रियाकलाप संचालन गरिनेछ।
- गाउँपालिकाभित्रका बर्थिङ सेन्टरहरुमा प्रसुती सेवा लिने आमालाई रु ७००० का दरले प्रसुती स्याहार खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।
- गुणस्तरीय सेवा प्रवाह गर्न न्यूनतम सेवाका मापदण्ड (Minimum Service Standard) हरु व्यवस्थापन गर्न जोड दिईने छ।
- स्वास्थ्य सेवाको पँहुचमा वृद्दि गर्न गाउँघर क्लिनिक र खोप क्लिनिकलाई सुधार गरि सेवा प्रवाह थप प्रभावकारी बनाइने छ।

**ग. सिंचाई, खानेपानी तथा सरसफाई**

- खर्खरे खानेपानी वितरण लगायतका ठुला खानेपानी आयोजनाहरु सम्पन्न गरि स्वच्छ खानेपानी वितरणको सुनिश्चितता गरिने छ।
- गाउँपालिका बासीहरुलाई स्वच्छ खानेपानीको पहुँच सुनिश्चितताका लागि खानेपानीको मुहान पहिचान, एक घर एक धारा निर्माण, ट्याङ्की निर्माण, हिलटंकी तथा पाइप खरिद वितरण जस्ता कार्यक्रम संचालन गरि स्वच्छ खानेपानीको आपूर्तीको व्यवस्था मिलाईनेछ।
- हाल निर्माणाधीन अवस्थामा रहेको मेम्बापा सिचाईलाई पूर्णता दिन वातावरणीय प्रभाव मूल्याङ्कन गरी सिचाइको मुहानसम्म सडक विस्तार गरी सो योजनालाई यस आ.व. भित्रै सम्पन्न गरिने छ।
- फक्ताङलुङ गाउँपालिकाका विभिन्न वडाहरुमा संचालित प्रदेश तथा संघ सरकारसँग सम्बन्धित खानेपानी तथा सिंचाई योजनालाई सम्पन्न गर्न आवश्यक पहल गरिने छ।
- गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरि आवश्यक व्यवस्थापन गर्न पहल गरिने छ।
- विशेष गरि पिउने पानीबाट फैलने पानीजन्य रोगको संक्रमण हटाउन पानीको गुणस्तर परीक्षण तथा शद्धीकरण गरि चेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम गरिनेछ।
- कृषि उत्पादनहरुको प्रवर्द्धनका लागि थोपा सिंचाई प्रविधिको विकास गरिनेछ।
- सिंचाई तथा खानेपानीको लागि आवश्यक उपकरणहरु व्यवस्थापन गर्दै लगिनेछ।
- बढ्दै गएको बस्तीहरुलाई मध्यनजर गर्दै फोहोर तथा ढल व्यवस्थापन गर्नका लागि आवश्यक नीति लिइने छ।
- वातावरणीय तथा पर्यावरणीय सन्तुलन कायम राख्न आवश्यक नीति लिईने छ।

**घ. महिला बालबालिका,सामाजिक सुरक्षा,अपाङ्गता रोकथाम तथा पुनस्थापना**

- व्यक्तिगत घटना दर्तालाई पूर्ण रुपमा अनलाईन दर्ता प्रणालीमा आवद्द गरिने छ ।
- एकल महिला, घरेलु हिंसा पिडीत, संरक्षण विहिन जेष्ठ नागरिक र अशक्तहरुलाई गाउँपालिकाले दिने निशुल्क सिफारिसलाई निरन्तरता दिईनेछ ।
- सामाजिक विकास मन्त्रालय र करुणा फाउन्डेसन नेपालसँग त्रिपक्षिय लागत साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको परीक्षण गरी जन्मदोष पहिचान गर्दै अपाङ्गता परिचयपत्र वितरण गरी शिक्षा, स्वास्थ्य, जिवीकोपार्जन, सशक्तिकरण र सामाजिकीकरणा लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- सार्वजनिक भवनहरुमा स्तनपान कक्षको व्यवस्थापन गर्दै लगिने छ।

- गाउँपालिकामा गत आर्थिक वर्ष २०८१/८२ देखि संचालित सबै प्रकारका समाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको घरघरमा पुर्याई वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनालाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइने नीति कार्यान्वयन गरिने छ।
- गाउँपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइने छ र वार्षिक रुपमा लैङ्गिक समानता र समावेशिकरण परीक्षण (GESI Audit) को सुरुवात गरिने छ।
- लैङ्गिक, जातजाती, भाषाभाषी, धर्मका आधारमा हुने सबै प्रकारका हिंसाको न्यूनिकरणका लागि लक्षित जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- बालविवाहलाई निरत्साहित गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ।
- दलित, अल्पसंख्यक, पिछडिएको वर्ग र समुदायको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरु संचालन गरिने छ।
- युवाले व्यवसायीक नेतृत्व लिने गरि क्षमता अभिवृद्धि र सूचनाको पहुँचमा अभिवृद्धि गरिनेछ। आगामी आर्थिक वर्ष युवा परिचालन मार्फत मानवीय सेवा, विपद् व्यवस्थापन, वातावरण संरक्षण र वृक्षारोपणलाई प्रवर्द्धन गरिनेछ।
- अपाङ्गता सम्बन्धी सचेतना बढाउनको लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता वमोजिम सहायक सामग्री वितरण र सीपमूलक कार्यक्रमलाई प्राथमिकता दिईने छ।
- लोपन्मुख, विपन्न, दलित, आदिवासी जनजाती एकल तथा अपाङ्गता भएका महिला सीमान्तकृत लगायत वञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीहरुको आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने नीति अबलम्बन गरिनेछ।

**ङ) खेलकुदः**

- गाउँपालिकाको केन्द्रमा पालिकास्तरीय खेलमैदान निर्माण गर्न केही जग्गा प्राप्ति गरिसकेको र वाँकी जग्गा प्राप्त गरी खेलमैदान निर्माण गरिनेछ। साथै सिंवा र आहालेटार खेलमैदानलाई स्तरोन्नती गरी संचालनमा ल्याईनेछ।
- गाउँपालिकाको प्रतिनिधित्व गर्दै राष्ट्रिय र अन्तराष्ट्रिय खेलमा सहभागी भएका खेलाडीहरुको अभिलेख राखी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिने छ।
- खेल क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राख्दै गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई सकृय बनाई उक्त समितिको सिफारिसका आधारमा अन्य कार्यक्रमहरुमा सहभागी गराईनेछ।

- गाउँपालिकास्तरीय खेलमैदानहरुलाई स्तरोन्नती गरी समग्र खेलकुद क्षेत्रको विकास र विस्तारका लागि विभिन्न विधामा खेलकुद कार्यक्रम आयोजना गरिने छ।
- आ.व.२०८१/८२ मा आयोजित वडा लिग फुटबल प्रतियोगितालाई निरन्तरता दिइने छ र हरेक वडाबाट छनौट गरिएका खेलाडिहरुलाई दिइने प्रशिक्षणलाई निरन्तरता दिईने छ।।
  - आगामी आ.व. २०८२/८३ मा अन्तरपालिकास्तरीय फक्ताङलुङ गोल्डकप प्रतियोगिता तथा सांस्कृतिक महोत्सव आयोजना गरिने छ।
- भलिबल र फुटबल विधामा एक एक जना प्रशिक्षक नियक्त गरी पालिका भरी खेलकुद क्षेत्रमा थप व्यवस्थित गर्दै लगिने छ।
- विद्यालयस्तरबाट उत्कृष्ट खेलाडी उत्पादन गर्न तथा अतिरिक्त कृयाकलापमा विद्यार्थीहरुको सहभागिता अभिवृद्दि गर्न वितरण गर्दै आएको खेलकुद सामग्री वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ।

## ३.पूर्वाधार विकास

### क. भवन पूर्वाधार विकास

- आगामी १ बर्ष भित्र गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरी गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई नयाँ प्रशासकीय भवनबाट प्रदान गरिनेछ।
- गाउँपालिका र संघीय सरकारसँगको साझेदारीमा गाउँपालिकाको वडा नं.५ स्थित पार्वती माध्यामिक विद्यालयमा भवन निर्माण आगामी बर्ष भित्र सम्पन्न गरि नवनिर्मित भवनबाट कक्षाकोठा संचालनमा ल्याईने छ। ।
- वडा नं. १ र २ को पहिरो जोखिम क्षेत्रका बासिन्दालाई सुरक्षित, दिगो र सुविधायुक्त स्थानमा स्थानान्तरण गरि उनीहरुको जीवनयापनलाई सामान्य बनाउन एकीकृत वस्ती विकास गरिनेछ।
- वडा नं. १, सावादिन स्वास्थ्य चौकीमा निर्माणाधीन कर्मचारी आवास गृह निर्माणको कार्य सम्पन्न गरि प्रयोगमा ल्याईने छ।
- वडा नं. १, मालबासे स्वास्थ्य ईकाई भवन निर्माणको कार्यलाई तीव्रता प्रदान गर्दै यसै आर्थिक वर्ष भित्र सम्पन्न गरी नयाँ भवनबाट सेवा सूचारू गरिनेछ।
- खेलकुद विकास र स्वास्थ्य जीवनशैली प्रवर्द्दन गर्न , सामुदायिक भवनाको विकास गर्न, सामुदायिक गतिविधिहरु संचालन गर्न र गाउँपालिकाको प्रतिष्ठा बढाउनका लागि बहुउदेश्यीय कवर्डहल निर्माणका लागि आवश्यक बजेट विनियोजनका लागि संघ तथा प्रदेश सरकारसंग पहल गरिनेछ।

- गैर सरकारी संस्था मार्फत  साझेदारीमा संचालन हुने आयोजनाहरुलाई जोड दिइने छ साथै समपूरक अनुदानबाट संचालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि वजेट सुनिश्चित गरि कार्यान्वयन गरिने छ।
- गाउँपालिकाको स्वामित्वमा रहेका भौतिक संरचनाहरुको मर्मत संभारका लागि कार्ययोजना बनाई कार्यान्वयनमा लगिने छ।
- भवन निर्माणलाई व्यवस्थित गर्न गाउँपालिकाको भवन निर्माण संहिता बनाई लागू गरिने छ। साथै नयाँ घर निर्माण गर्दा नक्सा पास सहित भवन निर्माण मापदण्ड पालना गर्न अभिप्रेरित गरिने छ।
- गाउँपालिका भित्रको जग्गा वर्गीकरण प्रतिवेदन अनुसार भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ती विकास, भवन निर्माण तथा अन्य सार्वजनिक निर्माण कार्यलाई थप व्यवस्थित र गुणस्तरीय रुपमा संचालन गरिनेछ।
- आवश्यकताको आधारमा प्राथमिकता निर्धारण गरी वडागत रुपमा स्वास्थ्य चौकी, सामूदायिक स्वास्थ्य ईकाईहरुको स्तरोन्नती गर्दै लगिनेछ।
- सबै प्रकारका धार्मिक तीर्थस्थलहरु मठ मन्दिर, गुम्बा,चर्चहरुको निर्माण र संरक्षणको कार्यलाई प्राथमिकतामा राखिनेछ।
- विभिन्न गैरसरकारी संस्थाहरुको साझेदारीमा विभिन्न सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधारहरु विकास गरीनेछ।

**ख. सडक  पूर्वाधार विकास**

- संघीय सरकार र गाउँपालिकाको समपूरक लगानीमा हाङवरुङ देखि पिथुङ साप्चुङ्वा हुदै इखाबु जोड्ने क्षेत्रीय सडक निर्माणको कार्य सम्पन्न गरिनेछ।
- सडकहरुको नियमित मर्मत संभारका लागि कार्ययोजना बनाई गाउँपालिकाको स्काभेटरको सहयोगमा नियमित सरसफाई गरी १२ महिना नै यातायातको सहज पहुँच कायम गरिने छ। सरसफाइका लागि वडाध्यक्षको रोहवरमा गाउँपालिकामा समन्वय गरि सोको अभिलेख वडाका प्राविधिकहरुले राख्ने र  पालिकामा तत्कालै फोटो, भिडियो लगायतको माध्यमबाट जानकारी उपलब्ध गराउने नीति अवलम्बन गरिने छ।
- गाउँपालिकाले आफ्नो श्रोतबाट संचालन गर्न नसक्ने योजनाहरुको कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारको साझेदारी गरी कार्यान्वयन गरिनेछ। उक्त योजनाहरुको मागका लागि विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्यांकन गरी ठूला प्रकारका बहुबर्षिय योजना संचालनमा जोड दिईनेछ।

- गाउँपालिका अन्तर्गत प्रत्येक वडाहरुमा संचालन गरिने योजनाहरुको डिजाईन तथा लागत इष्टिमेट अनुसार कार्यान्यिन गर्नका लागि टोल विकास संस्थालाई उचित तालिमको व्यवस्था गरिने छ।
- योजनाहरुको कार्यान्वयनमा पारदर्शिता कायम गर्नका लागि रु ५ लाख भन्दा ठूला योजनाहरु संचालनस्थलमा अनिवार्य रुपमा आयोजना सूचनापाटीं अर्थात होडिङबोर्ड राख्ने नीति अबलम्वन गरिनेछ।
- योजनाको कार्यान्वयनमा प्रभावकारीता साथै अपनत्व कायम गराउन सम्बन्धित उपभोक्ताहरुलाई योजना कार्यान्वयनका क्रममा २० % श्रम सहभागिता अंगिकार गरिनेछ।
- श्रमदान बढी जुट्ने सडक तथा भौतिक योजनाहरुलाई बढी प्राथमिकता दिईनेछ।

### ग.वन, वातावरण तथा विपद् व्यवस्थापन

- गाउँपालिका भित्र प्राकृतिक विपद्बाट मानवीय क्षती भएमा तत्काललाई प्रति व्यक्ति ५०००० का दरले राहत स्वरुप उपलब्ध गराईनेछ साथै घटनाको गाम्भिर्यताका आधारमा कार्यपालिकाको निर्णय बमोजिम थप राहत उपलब्ध गराईनेछ।
- खाली जग्गामा वृक्षारोपण गरि हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरि जल, जमीन तथा वातावरणको संरक्षण कार्यमा वृद्धि गरिने छ।
- विपदबाट हुने धनजनको क्षति कम गर्न र बिपदलाई न्यूनीकरण गर्न टोल विकास संस्था, क्लब, समूह, सुरक्षा निकाय तगायत अन्य सरोकारवाला निकायहरुसंगको सहकार्यमा विपद जोखिम न्यूनीकरण कार्यक्रम संचालन गरिने छ।
- विपदको रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनस्थापनाका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिने छ। सो कोष मार्फत पिडीतलाई तत्कालै राहत उपलब्ध गरिनेछ।
- हरेक वडामा दैवी विपद उद्धार टोली निर्माण गरी आवश्यक तालिम उपलब्ध गराईनेछ।
- हरेक वडामा एक वटा हेलिप्याड र Evacuation Center हरु निर्माण गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रकका खाली जमीन, नदी किनार तथा सडक किनारमा वृक्षारोपण तथा Bio- Engineering प्रविधीलाई जोड दिईनेछ।
- जोखिम अवस्थामा रहेका घर वा वस्तीलाई सुरक्षित स्थानमा तत्कालै व्यवस्थित गरिनेछ र जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ।

## ४.सुशासन तथा सार्वजनिक सेवा प्रवाह

**क.सूचना प्रविधिको विकास**

- गाउँपालिकाको वडा नं.३ लिङखिम,वडा नं. ६ मा रहेको मुरिङ्लाडाँडा साथै वडा नं. ६ को लोवाडाँडामा संचालित 4G टावरलाई थप व्यवस्थित गर्दै लगिनेछ । वडा नं. ७ ओलाङचुङगोलाको हिले डाँडा, वडा नं. ६ को घुन्सा र पाथिभरा क्षेत्रमा टावर निर्माणको कार्य सम्पन्न भईसकेको र थप उपकरण जडानको कार्य सम्पन्न गरी नयाँ 4G नेटवर्क सूचारु गरिने छ साथै याङ्मा मा 2G नेटवर्क स्थापना गरी गाउँपालिका भरी विश्वसनीय एवम भरपर्दो नेटवर्कको सुनिश्चितता गरिनेछ।
- बिभिन्न कार्यालयहरु र मुख्य सार्वजनिक स्थल तथा गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरुमा CCTV जडान गरी सुरक्षा निगरानी गर्ने व्यवस्थालाई थप मजबुद गरिनेछ।
- सडक सुरक्षा, दुर्घटना न्यूनीकरण, शान्ति सुरक्षा र अपराध नियन्त्रणका लागि सडक वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- सूचना र प्रविधिको माध्यमबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो संबोधन गरिने परिपाटीको विकास गरिने छ।
- सार्वजनिक सेवालाई सरल, सहज, छिटो छरितो र प्रविधिमैत्री बनाईनेछ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि विशेष आचारसंहिता जारी गरी कडाइका साथ लागु गरिनेछ।
- गाउँपालिकाको भिलेज प्रोपाइललाई डिजिटल प्रविधिमा आधारित बनाईनेछ र सोको आधारमा यथार्थ तथ्यांक अद्यावधिक गरिनेछ ।
- गाउँपालिका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी, दर्ता चलानी, आयोजना व्यवस्थापन सफ्ट्वेयर तथा विभिन्न विद्युतीय प्रविधिको प्रयोग गरी गाउँपालिकालाई Paperless र प्रविधीमैत्री बनाउदै लगिनेछ।
- गाउँपालिका तथा वडा कार्यालयहरुमा आगामी आर्थिक बर्ष भित्र फाईबर इन्टरनेटको सहज आपूर्तीको व्यवस्था मिलाउदै लगिनेछ।
- गाउँपालिकाले सूचनाको हक सम्बन्धि ऐन २०६४ अनुसार आफ्नो प्रत्येक त्रैमासिकमा सम्पन्न गरेका कार्यक्रम लाई Website मार्फत प्रकाशन गरिनेछ।
- गाउँपालिकाले जारी गरेका ऐन, नीति नियमहरु, कार्यविधिहरु राजपत्रमा प्रकाशन गरी Website तथा आधिकारीक सामाजिक सन्जाल मार्फत थप प्रभावकारी रुपमा प्रकाशन गरिनेछ।
- आर्थिक सुशासन र पारदर्शिताकालागी हाल प्रयोगमा आई रहेको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली प्रयोगलाई पूर्ण रुप दिएर EFT मार्फत भुक्तानी गर्ने व्यवस्था गरिनेछ।

- सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै डिजिटल नागरिक वडापत्र, हेल्पडेक्स आदिको व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ।
- सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली तथा सिसिटिभी क्यामाराबाट मोनिटरिङ गर्ने कार्यलाई प्रभावकारी ढङ्गबाट संचालनमा ल्याईनेछ।
- आगामी आर्थिक वर्षबाट अनिवार्य रुपमा व्यक्तिगत घटना दर्तालाई अनलाईन प्रणालीमा आवद्ध गरिनेछ।

**ख.सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन**

- गाउँपालिकाले रु १० लाख वा सो भन्दा माथिका योजना कार्यान्वयन गर्दा E-Bid को माध्यमबाट शिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान गरेर मात्र गरिनेछ।
- गाउँपालिकाले गर्ने दैनिक कार्यालय सामाग्री तथा खरिद सम्बन्धी कार्यलाई व्यवस्थित अभिलेखाङ्कन गर्न PAMS प्रणालीको पूर्ण प्रयोग गरी खरिद आदेश, दाखिला प्रतिवेदन हस्तान्तरण तथा सार्वजनिक सम्पत्तिको संरक्षण सम्बन्धी कार्य गरिनेछ।
- जिन्सी निरक्षण गरी समय समयमा जिन्सी सामाग्रीको विवरण अद्यावधिक गर्दै लगिनेछ।
- कर्मचारी तथा जनप्रतिनिधीहरुलाई जिन्सी तथा खरिद व्यवस्थापन भण्डारन सम्बन्धी तालिम संचालन गरी सार्वजनिक सम्पत्तिको संरक्षण एवम व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ।

**ग.राजस्व प्राप्ति र परिचालन**

- राजस्व परामर्श समितिको सिफारिस तथा विगतका आर्थिक वर्षहरुको राजस्वको प्रप्तिका आधारमा करका दर तथा दायराहरु निर्धारण गरिनेछ।
- करको दर संभव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिईनेछ।
- जनतालाई कर लादेर हैन स्वतस्फुर्त रुपमा तिर्न प्रोत्साहन गरिनेछ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ संभाव्य क्षेत्रहरु पहिचान गरिने छ।
- राजस्व संचालन सम्बन्धि सूत्र प्रणालीलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- सबै भन्दा बढी राजस्व संकलन गर्ने वडा कार्यालयलाई रु ५ लाख र दोस्रो हुने वडालाई ३ लाख सहित प्रोत्साहन स्वरुप थप बजेट विनियोजन गरिनेछ।
- कन्चनजंघा संरक्षण क्षेत्रसँग समन्वय गरी वनपैदावारबाट प्राप्त हुने राजस्वमा वृद्धि गर्दै लगिनेछ।

- संरक्षण क्षेत्र भन्दा वाहिरको क्षेत्रको ढुङ्गा गिटी बालुवाको निकासी हुदा प्राप्त हुने दहत्तर बहत्तर कर संङ्कलन गर्नका लागि आगामी आर्थिक वर्ष वातावरणीय प्रभाव मूल्यांकन गरी थप राजस्व संङ्कलनमा जोड दिईनेछ।

**घ. संस्थागत क्षमता विकास**

- १२ औ गाउँ सभाले स्वीकृत गरेको दरबन्दी संरचना अनुसारका दरबन्दीहरुमा कर्मचारी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग समक्ष माग गरी पदपूर्तीको व्यवस्था मिलाईनेछ।
- प्रत्येक बर्ष गाउँपालिकाको कार्यसम्पादनमा उच्च कर्मचारी छनौट गरी सम्मान गर्दै सेवा प्रवाहमा अझ बढी तल्लिन र लगनशील बनाईनेछ।
- कर्मचारीहरुलाई समयानूकुल पुनःताजकी गराउनका लागि संघ तथा प्रदेश सरकारको सहयोग र समन्वयमा उपयुक्त तालिम र गोष्ठिको आयोजना गर्दै लगिनेछ।
- करारमा रहेका सम्पूर्ण गा.पा. कर्मचारी, विद्यालय कर्मचारीहरु, शिक्षकहरु र बालविकास सहजकर्ताहरुको कार्यसम्पादनस्तर वृद्धि गर्नका लागि प्रत्येक ६/६ महिनामा कार्यसम्पादन मूल्याकनको आधारमा करार संझौता नवीकरण गरिनेछ।

**५. अध्यक्षको सेवा सुविधाः**

- पालिका अध्यक्ष राजन लिम्बुको प्रतिवद्धता अनुसार निजले प्रदेश सरकारले निर्दिष्ट गरे बमोजिमको मासिक सेवा सुविधा बापतको हालसम्मको जम्मा रु १५५९९२० बराबरको रकम फक्ताङलुङ डेभलपमेन्ट फाउन्डेसन नामक संस्था स्थापना भई सोही संस्थाको खातामा जम्मा गरिएको छ। उक्त रकमलाई गाउँपालिका भित्र रहेका अभिभावकबिहीन असाहय र अपाङ्गता बालबालिकाहरुको पहिचान गरि उनीहरुलाई आवासीय सुविधा सहितको पूर्ण छात्रवृत्ति कार्यक्रम बनाई यसै आ.व. देखि संचालन गरिनेछ।

**६.विद्युत आपूर्ती**

- केन्द्रीय प्रशासण लाईनलाई पालिका भरी पूर्ण विद्युतीकरण गर्ने कार्यलाई चाडो भन्दा चाडो सम्पन्न गरी आगामी बर्ष भित्रमा पालिका भरी विद्युत विस्तार गरी पालिकाबासीलाई सहजता प्रदान गर्न विशेष पहल गरिनेछ।
- नेपाल विद्युत प्राधिकरण सँगको समन्वयमा गाउँपालिकाका बजार क्षेत्रहरुमा सडक वत्ति जडान गरी रात्रीकालीन समयमा हुने अपराधिक गतिविधी निरुत्साहित गरिनेछ।

**७. नवीकरणीय उर्जा**

- बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको साझेदारीमा फक्ताङलुङ ६ स्थित नागपोखरी खोला ग्याव्लामा १५ KW को ल.ज.वि. को बोलपत्र स्वीकृत भइसकेको हुनाले यसै आ.व. देखि निर्माण कार्यलाई अगाडि बढाउदै समयमै सम्पन्न गरी संचालनमा ल्याइनेछ।
- गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाको अनुदानबाट निर्मित लजविहरुलाई गापाको मातहतमा राख्दै केन्द्रीय प्रशासण ग्रिडमा समाहित गरी स्थानीय आर्थिक अबस्था सुधारमा सहयोग गरिनेछ।

**८ .अन्य**

- पालिका भित्र रहेका सार्वजनिक स्थलहरुमा प्रत्येक महिना एक दिन वडाध्यक्षको नेतृत्वमा हरेक वडामा श्रम शिविर कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ। वडाबाट प्राप्त श्रमको प्रतिवेदनको आधारमा आगामी आ.व.को बजेट बिनियोजन गरिनेछ।
- नियमित रुपमा बजार अनुगमन गरी आम गाउँपालिकाबासीहरुको गुणस्तरीय बस्तु तथा सेवा उचित मुल्यमा स्वस्थकर उपभोग गर्न पाउने अधिकारलाई कायम गराईनेछ।
- विगतका पुराना ऐन, कार्यविधि, नियमावलीहरुलाई समय सापेक्ष बनाउनका लागि संशोधन तथा नयाँ तर्जुमा गर्दै लगिनेछ।
- गाउँपालिकाका विभिन्न जातजाती भाषाभाषी धर्मावलम्बीहरुको स्थानीय कला, संस्कृती, भाषा धर्म तथा चाडपर्वको संरक्षण तथा सम्वर्द्धन गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही निष्पक्ष, छिटो, छरितो, सर्वभसलुभ प्रभावकारी तथा जनउत्तरदायि न्याय प्रणालीको विकास गरिनेछ।
- स्थानीय स्तरमा उत्पन्न हुने विवादको न्यायिक निरुपण तथा मेलमिलाप गराउन प्रत्येक वडाहरुमा गठित मेलमिलाप समितिलाई समय समयमा पुनःताजगी तालिमको व्यवस्था गरिने छ।
- सबै गाउँपालिकावासीलाई न्यायिक समितिबाट छिटो, छरितो, पहुँच योग्य र प्रभावकारी न्याय सेवा प्रदान गरिने नीति अवलम्बन गरिने छ।
- कानूनको पालना सुनिश्चित गर्न, स्थानीय सुरक्षा र अपराध नियन्त्रण गर्न, सार्वजनिक शान्ति कायम राख्न,आपतकालीन सेवामा सहयोग गर्न, विवाद समाधान र मेलमिलाप गर्न नगर प्रहरीको व्यवस्था गरिने छ।

फक्ताङलुङ गाउँपालिका

फक्ताङलुङ गाउँपालिका